वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक २३८ | २०८२ माघ ०१ गते विहीबार, नेपाल सम्वत् ११४६ January 15, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-






**लिङ्गो ठड्याएर माघेसंक्रान्ति मेला सुरू :** देवघाटको बेनीमा बाँसको लिङ्गो ठड्याएर माघेसंक्रान्ति मेला सुरू गरिदै । लिङ्गो ठड्याएसँगै तनहुँ, चितवन र नवलपरासीको संगमस्थल देवघाटमा माघेसंक्रान्ति मेला सुरू भएको छ । बेनीको गलेश्वर आश्रमका पीठाधीश आत्मानन्द गिरी, नेपाल सन्त समाजका अध्यक्ष ज्ञानानन्द सरस्वती र महेश सन्न्यास आश्रमका पीठाधीश रमणानन्द गिरी, देवघाट क्षेत्र विकास समितिका अध्यक्ष ईश्वरीराज लौडारी, कार्यकारी निर्देशक सदन बराल, समितिका सदस्यलगायत स्थानीयको बाक्लो उपस्थिति रहेको छ । यस्तै, मेलाको सम्पूर्ण तयारी पुरा भएको र सुरक्षाका निम्ति सम्पूर्ण व्यवस्था गरिएको बताइएको छ । यो वर्ष तीन लाख भक्तजन मेला भर्न आउने अनुमान गरिएको छ ।

*तस्विर : भञ्ज्याङ*

# व्यासको मानुङकोट लिफ्ट खानेपानी आयोजना ८० प्रतिशत सम्पन्न

**भञ्ज्याङ समाचारदाता/तनहुँ**

तनहुँको व्यास नगरपालिका-५ स्थित मानुङकोटवासीले वर्षौंदेखि खानेपानी समस्या खेप्दै आएकामा चालु आर्थिक वर्षदेखि उक्त समस्या समाधान हुने भएको छ। मानुङकोट लिफ्ट खानेपानी आयोजना ८० प्रतिशत सम्पन्न भएसँगै चालु आवदेखि खानेपानी वितरण गरिने आयोजना कार्यालयले जनाएको छ। संघीय सरकारबाट गत वर्ष रू दुई करोड बजेट विनियोजन भएपछि सुरू गरिएको कामको हालसम्म ८० प्रतिशत काम पूरा भइसकेको छ भने तीव्र गतिमा काम भइरहेकाले चालु आवमा सम्पन्न गर्न नगरपालिका सक्रिय रहेको छ ।



अन्तिम चरणमा रहेको उक्त आयोजना सम्पन्न गर्नका लागि व्यास नगरपालिकाले आन्तरिक स्रोतबाट रू ८५ लाख बजेट विनियोजन गरेको छ। सोही वडास्थित पासर्दी खानेपानी मुहानबाट तीन चरणमा लिफ्टिङ गरी पानी लैजान लागिएको व्यास-५ का वडाध्यक्ष विष्णुकुमार श्रेष्ठले जानकारी दिए । उनका अनुसार उक्त मुहानबाट करिब ५०० मिटर उचाइमा लिफ्टिङ गरी मानुङकोटमा पानी पुऱ्याउन लागिएको हो ।

वडाध्यक्ष श्रेष्ठले भौतिक निर्माणका सबै संरचना सकिएका बताउँदै अब विद्युत्का खम्बा गाड्ने, ट्रान्समिटर जडान गर्ने, पानी लिफ्ट गर्नेलगायत काम बाँकी रहेका उल्लेख गरे । उनले भने, "मुहानमा निर्माण गरिएको इन्टेकबाट एक लाख लिटर क्षमताका एक र ३० हजार लिटर क्षमताका दुई रिर्जभ ट्याङ्की निर्माण गरिएका छन् ।"

मानुङकोट क्षेत्रका बासिन्दालाई पानी पुग्ने गरी मुहानमा इन्टेक बनाउने काम अघि बढिसकेको वडाध्यक्ष श्रेष्ठले जानकारी दिए । उनका अनुसार यसअघि इन्टेक नजिक एक लाख लिटर, बीचमा तीस/तीस हजार लिटरका दरले दुई र मानुङकोटमा एक लाख लिटर क्षमताको रिजर्भ ट्याङ्की निर्माण गरिएका छन् ।

पछिल्लो समय सामाजिक सञ्जालमार्फत चर्चामा आएको पर्यटकीयस्थल मानुङकोटमा पानीको चरम अभाव रहँदै आएका स्थानीयले बताएका छन् । "केही मुहानमा विवाद हुँदा निर्माण ढिलाइ भयो, यो आयोजनाका विषयमा अदालतबाट नगरपालिकाको पक्षमा फैसला भएको छ", वडाध्यक्ष श्रेष्ठले भन्नुभयो, "बाँकी काम सम्पन्न गरी बढीमा दुई-तीन महिनाभित्र खानेपानी पुऱ्याउने लक्ष्य लिइएको छ ।"

व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले समपूरक योजना अन्तर्गत खानेपानी आयोजनालाई प्राथमिकतामा राखेर मानुङकोटमा पानीको ट्याङ्की निर्माण गर्न थालिएको बताउनुभयो । "यहाँको खानेपानीको समस्या सम्बोधन गर्न नगरपालिका प्रतिवद्ध छ", उनले भने, "हामी स्थानीयलाई यही फर्कने वातावरण बनाउँदैछौं, यहाँको खानेपानी समस्या अब छिट्टै समाधान हुँदैछ ।"

विगतमा घण्टौँ लगाएर पानी ल्याउनुपर्ने बाध्यता भएपछि यहाँका स्थानीय बसाइँसरी मानुङकोटको फेदीतर्फ झरेका छन्। पानी सहज हुने स्थानतर्फ झरेका स्थानीय यहाँ पर्यटक आगमन बढ्न थालेपछि पुनः फर्किन थालेका छन्। करिब पाँच वर्षयता मानुङकोट पर्यटकीयस्थलका रूपमा विकसित हुँदै गएको नगरप्रमुख न्यौपानेले जानकारी दिए ।

उनले भने, "विगतमा करिब ५०-६० घरधुरी बस्दै आएकामा पानीको समस्या भएपछि स्थानीय मानुङकोटको फेदी अलैचे, पाटनतर्फ झरेका हुन्। मानुङकोटमा केही सुविधासम्पन्न होटल बन्ने

*बाँकी तेश्रो पेजमा*

# बन्दीपुर अस्पतालको सार्वजनिक सुनुवाइ

## अस्पतालका उत्कृष्ट कर्मचारी सम्मानित

**भञ्ज्याङ समाचारदाता/बन्दीपुर**

तनहुँको बन्दीपुर गाउँपालिका-४ स्थित बन्दीपुर अस्पतालले बुधबार प्रथम सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गरेको छ। चाले आर्थिक वर्षको अर्धवार्षिक सार्वजनिक सुनुवाइ कार्यक्रम बन्दीपुर गाउँपालिका अध्यक्ष एवं बन्दीपुर अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष सुरेन्द्र बहादुर थापाको अध्यक्षतामा कार्यक्रम सम्पन्न गरिएको हो ।




बन्दीपुर अस्पतालका अनिल गिरीले अस्पतालको समग्र सेवा, जनशक्ति, बजेट, उपलब्धि र चुनौतीबारे प्रस्तुतीकरण गरेका थिए। कार्यक्रममा सहभागि सेवाग्राही तथा सरोकारवालाबाट उठाइएका जिज्ञासा, गुनासा र सुझावको सम्बन्धित पक्षबाट सहजिकरण गरिएको थियो ।

कार्यक्रममा बन्दीपुर गाउँपालिकाका उपाध्यक्ष, वडा नं. ४ का वडाध्यक्ष, विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, संघ-संस्था तथा विद्यालयका प्रमुख/प्रतिनिधि, सुरक्षा निकायका प्रतिनिधि, स्वास्थ्य शाखाका प्रमुख, स्थानीय समाजसेवी, बुद्धिजीवी तथा सेवाग्राहीहरूको उल्लेख्य सहभागिता रहेको अस्पतालका प्रवक्ता अञ्जिर भट्टराईले जानकारी गराए ।

**उत्कृष्ट कर्मचारी सम्मान**

यस्तै, सोही अवसरमा गत आर्थिक वर्ष २०८१/०८२ का लागि बन्दीपुर अस्पतालका उत्कृष्ट कर्मचारीका रूपमा छनोट भएका रेशम पाटा मगर (कार्यालय सहयोगी) र रमा कायस्थ (अ.हे.ब.)लाई सम्मान गरिएको अस्पतालका गुनासो सुन्ने अधिकारी रामप्रसाद भट्टराईले बताए।

अस्पतालले उच्च शिक्षा अध्ययनका लागि जान लाग्नुभएकी प्रिया श्रेष्ठ (स्टाफ नर्स) तथा व्यक्तिगत कारणले वैदेशिक रोजगारीमा जान लाग्नुभएकी बन्दीपुर अस्पतालको स्टाफ क्यान्टिन सञ्चालिकालाई मायाको चिनो सहित विदाई तथा सम्मान गरेको थियो ।

अस्पतालका अनुसार उत्कृष्ट कर्मचारी छनोट प्रक्रिया मेडिकल सुपरिटेन्डेन्ट अनिल गिरीको संयोजकत्वमा मेडिकल अफिसरद्वय डा. केबिन पौडेल र डा. सबना मियाँ सदस्य रहेको तीन सदस्यीय छनोट तथा सिफारिस समितिबाट गरिएको थियो । समितिले सुरूमा पाँच-पाँच जना पुरूष तथा महिला कर्मचारीको प्रस्ताव तयार गरी कार्यसम्पादन, अनुशासन, सेवाभाव र समग्र योगदानको आधारमा मूल्याङ्कन गरी अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको बैठकले अनुमोदन गरेको थियो ।

# महोत्सवमा खाद्य डिभिजनको अनुगमन

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँको दमौलीमा जारी छैठौं आदिवासी जनजाति तनहुँ साँस्कृतिक एवं पर्यटन महोत्सव स्थलमा खाद्य पदार्थको गुणस्तर सुनिश्चित गर्न अनुगमन गरिएको छ। खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, दमौलीको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय लगायतको उपस्थितिमा बुधबार महोत्सव स्थलमा रहेका खाद्य पदार्थ बिक्री तथा प्रदर्शन गरिएका स्टलहरूमा अनुगमन निरीक्षण गरिएको थियो ।

डिभिजन कार्यालयका प्रमुख ज्योति आचार्यको नेतृत्वमा खटिएको अनुगमन टोलीले स्टलहरूमा राखिएका खाद्य सामग्रीको सरसफाइ, म्याद, भण्डारण अवस्था तथा खाद्य सुरक्षा मापदण्डको पालना भए-नभएकोबारे निरीक्षण गरेको थियो। अनुगमनका क्रममा व्यवसायीहरूलाई स्वच्छ र गुणस्तरीय खाद्य पदार्थ मात्र बिक्री गर्न निर्देशन दिइएको आचार्यले बताए ।

अनुगमन टोलीले खाद्य सुरक्षा सम्बन्धी मापदण्ड पालना नगरेमा आवश्यक कारबाही गरिने चेतावनी समेत दिएको छ। महोत्सवमा सहभागी दर्शक तथा उपभोक्ताको स्वास्थ्यलाई मध्यनजर गर्दै यस्ता अनुगमनलाई निरन्तरता दिइने डिभिजन कार्यालय दमौलीले जनाएको छ ।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# माघे संक्रान्ति : आस्था, स्वास्थ्य र सामाजिक एकताको पर्व

नेपाली समाजमा माघे संक्रान्ति केवल पात्रो फेरिने दिन मात्र होइन, जीवनशैली, आस्था र स्वास्थ्यसँग गहिरो रूपमा जोडिएको सांस्कृतिक पर्व हो । माघ महिनाको पहिलो दिन आज बिहानै स्नान, जप, तप, ध्यान र साधना गरी घ्यू, चाकु, तिलका परिकार सेवन गर्दै माघे संक्रान्ति मनाउने परम्परा सनातनदेखि चलिआएको छ। सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने भएकाले यस दिनलाई मकर संक्रान्ति पनि भनिन्छ । यही दिनदेखि उत्तरायण सुरू हुने विश्वास गरिन्छ, जसले अन्धकारभन्दा प्रकाशको यात्रालाई प्रतीकात्मक रूपमा संकेत गर्छ । माघे संक्रान्तिको धार्मिक महत्व अत्यन्त गहिरो छ । वैदिक सनातन हिन्दू धर्मअनुसार उत्तरायणको सुरूआत पुण्यकाल मानिन्छ । यस अवधिमा गरिने स्नान, जप, तप, ध्यान, साधना र दानलाई विशेष फलदायी मानिएको छ । यही विश्वासका कारण आजका दिन देवघाट, त्रिशूली, कालीगण्डकी, वाग्मती, इन्द्रावती, त्रिवेणी, रिडी लगायतका पवित्र तीर्थस्थलहरूमा श्रद्धालु भक्तजनको भीड लाग्ने गर्दछ । तीर्थस्नानमार्फत आत्मशुद्धि र पापमोचनको अनुभूति गर्ने जनविश्वास आज पनि उस्तै सशक्त छ।

माघे संक्रान्ति तराई–मधेश क्षेत्रमा 'नहान' पर्वका रूपमा पनि मनाइन्छ । वर्षभर नियमित स्नान नगरे पनि आजको दिन भने अनिवार्य नुहाउनैपर्ने मान्यता छ । यसले पर्वलाई धार्मिक सीमाभन्दा बाहिर लगेर सामाजिक र सांस्कृतिक एकताको रूपमा स्थापित गरेको छ । धर्मसिन्धु ग्रन्थमा उल्लेख गरिएअनुसार माघ १ गते स्नान, दान, ध्यान नगर्ने तथा घ्यू, चाकु, तिलका परिकार नखाने व्यक्ति जीवनभर रोगी हुने भनिएको छ । यस्ता धार्मिक मान्यताले मानिसलाई अनुशासित जीवनतर्फ डोऱ्याउने भूमिका खेलेका छन् । माघे संक्रान्तिको अर्को महत्वपूर्ण पाटो स्वास्थ्यसँग जोडिएको छ । जाडोको मौसममा घ्यू, चाकु, तिल, तरूल, चरूल, लड्डुजस्ता परिकार सेवन गर्नु केवल सांस्कृतिक परम्परा मात्र होइन, वैज्ञानिक रूपमा पनि उपयोगी मानिन्छ । आयुर्वेद शास्त्रअनुसार तिलको तेलले शरीरमा मालिस गर्दा नाडी, स्नायुमण्डल र हड्डी सुदृढ हुने तथा शरीरका दूषित पदार्थ बाहिर निस्कने विश्वास छ । यसले रोग प्रतिरोधात्मक क्षमता बढाउन सहयोग पुग्ने आयुर्वेदका विज्ञहरूको मत छ । यस अर्थमा माघे संक्रान्ति स्वास्थ्य चेतनासँग जोडिएको पर्व पनि हो ।

माघे संक्रान्तिको राष्ट्रिय महत्व देवघाटधामसँग विशेष रूपमा गाँसिएको छ । तनहुँ, चितवन र नवलपुरको संगमस्थल देवघाटधाममा यस वर्ष करिब तीन लाख भक्तजन आउने अनुमान गरिएको छ । नेपाल र भारतका विभिन्न स्थानबाट आएका दर्शनार्थीहरूले देवघाटको वेणीमा स्नान गरी पुण्य प्राप्त गर्ने विश्वास राख्छन् । 'माघ १ गते देवताहरु पनि देवघाटमा स्नान गर्न आउने' जनविश्वासले यस तीर्थस्थलको महिमा झनै बढाएको छ । यही विश्वासका कारण संक्रान्तिको दुई दिनअघिदेखि नै देवघाट क्षेत्रमा भक्तजनको चहलपहल सुरू भइसकेको छ । पुस मसान्तको रात धुनी बालेर जाग्राम बस्ने र बिहान वेणीमा स्नान गरी फर्किने परम्पराले देवघाटलाई आध्यात्मिक जागरणको केन्द्र बनाएको छ । देवघाट क्षेत्र विकास समितिले यस वर्ष पनि प्रशासन, स्थानीय तह र सुरक्षा निकायसँग समन्वय गरी माघेसंक्रान्ति मेलाको व्यवस्थापन गरेको छ । भीड व्यवस्थापन, डुंगा र ऱ्याफ्टिङमार्फत नदी पार गर्ने व्यवस्था, धुमपान तथा माँस–मदिरा निषेधजस्ता पहलले धार्मिक मर्यादा कायम राख्न मद्दत पुऱ्याएको छ ।

माघे संक्रान्तिले केवल धार्मिक आस्था मात्र होइन, सामाजिक सद्भाव र दानशीलताको भावना पनि सन्देश दिन्छ । भविष्य पुराण, विष्णुवचन र धर्मसिन्धुजस्ता ग्रन्थमा यस दिन घ्यू, चाकु, तिलका लड्डु, सागपात, तरूल, वस्त्र, पानीको भाँडो र सिदा दान गरेमा विशेष फल प्राप्त हुने उल्लेख छ । दानको संस्कारले समाजमा आपसी सहयोग र मानवीय मूल्यलाई बलियो बनाउँछ । आजको आधुनिक जीवनशैलीमा परम्परा र संस्कृतिको महत्व कहिलेकाहीँ ओझेलमा पर्ने खतरा छ । तर माघे संक्रान्तिजस्ता पर्वले हाम्रो मौलिक पहिचान, स्वास्थ्य चेतना र सामाजिक एकतालाई स्मरण गराउँछन् । आस्था र विज्ञान, परम्परा र स्वास्थ्यबीचको सन्तुलन नै माघे संक्रान्तिको मूल सन्देश हो । त्यसैले माघे संक्रान्ति केवल पर्व होइन, जीवनलाई अनुशासित, स्वस्थ र सहिष्णु बनाउने एउटा संस्कार हो । त्यस्तै, माघे संक्रान्तिलाई मगर समुदायले विशेष पर्वका रूपमा मनाउने गर्दछन् ।

यस्तै, मगर समुदायले यस दिनलाई माघ्या सकराटी पर्वका रूपमा मनाउने गर्दछन्। मगर समुदायको सांस्कृतिक पहिचान, सामाजिक एकता र ऐतिहासिक चेतनाको सशक्त आधारका रूपमा स्थापित रहेको यो पर्वले समयचक्र, प्रकृति, पितृ, समाज र अर्थतन्त्रलाई एउटै सांस्कृतिक सूत्रमा बाँध्दछ । आधुनिक परिवर्तन र वैश्वीकरणका बीच पनि माघ्या सकराटीले बोकेको मौलिक दर्शन र मूल्य संरक्षण गर्न सकेमा यो पर्व भावी पुस्ताका लागि जीवनदर्शन, सामाजिक चेतना र सांस्कृतिक निरन्तरताको महत्वपूर्ण स्रोत बन्ने मगर समुदायका अग्रजहरू बताउँछन् । सबैलाई माघे संक्रान्ति पर्वको शुभकामना ।

# चुनौतीपूर्ण बन्दै डिजिटल अर्थतन्त्रको औपचारिकीकरण

♦ हेमन्त जोशी

**दृष्टान्त १:** नेपालभित्रका दुई सय ४० हाराहारी इ–कमर्स व्यवसायमात्र वाणिज्य विभागमा सूचीकृत छन् । प्रक्रियामा गएका करिब ७०० व्यवसाय सूचीकृत हुनसकेका छैनन् भने वैधानिक प्रक्रियामै नगएका यस्ता व्यवसायको सङ्ख्या कति छ भन्ने जानकारी कुनै पनि सरकारी निकायसँग छैन ।

**दृष्टान्त २:** नेपालमा विद्युतीय सेवाको कारोबार गर्ने २१ वटा विदेशी कम्पनीमात्र दर्ता भएका छन् । तीस लाखभन्दा कमको वार्षिक कारोबार गर्ने कम्पनीको विद्युतीय सेवा कर छुट भए पनि कुन कम्पनीको कारोबार ३० लाखभन्दा बढी छ र कुनको कम छ भन्ने जाँचबुझ हुनसकेको छैन । उनीहरु पूर्ण रूपमा करको दायरा भन्दा बाहिर छन् ।

**दृष्टान्त ३ :** नेपालमा क्रिप्टोलगायत भर्चुअल सम्पत्ति (भर्चुअल एसेट)को कारोबार अवैध हो । तर पछिल्लो पाँच वर्षमा मात्र साढे छ सयभन्दा बढी यस्ता कारोबार भएको आशङ्कामा अनुसन्धान भइरहेको छ।यस्तो कारोबारबाट कर छलीमात्र नभई सम्पत्ति शुद्धीकरण, हुण्डी, पुँजी पलायनजस्ता गतिविधि भएका आशङ्का छ ।

माथिका यी तीन दृष्टान्तले देखाउँछ, नेपालका आर्थिक गतिविधिको डिजिटल रूपान्तरणको दौडमा राज्यका नियामक र व्यवस्थापकीय संयन्त्रहरु निकै पछाडि छन् । मुलुकले डिजिटल अर्थतन्त्र प्रवर्द्धन गर्ने नीति लिएको भए पनि यसलाई सही दिशा र गति दिन भौतिक संसारलाई केन्द्र मानेर बनेका पुराना विधि–प्रक्रियाले साथ दिइरहेका छैनन् ।

सूचना प्रविधिको तीव्र विस्तारले विश्व अर्थतन्त्रको संरचनामात्र होइन, कर प्रणालीको आधारभूत दर्शनमै प्रश्न उठाइरहेको छ। सिमाना, भौतिक उपस्थिति र स्थायी प्रतिष्ठानजस्ता अवधारणामा आधारित परम्परागत अन्तर्राष्ट्रिय कर प्रणाली डिजिटल अर्थतन्त्रको वास्तविकतासँग मेल खान सकेको छैनन्। डिजिटलाइजेसन अब अर्थतन्त्रको एउटा क्षेत्रमात्र नभई सम्पूर्ण आर्थिक गतिविधिमा गहिरोसँग घुलमिल भइसकेको छ । तर पनि डिजिटल व्यवसाय मोडेलहरूले कर प्रणालीमा ल्याएका चुनौतीहरु परम्परागत व्यवसायभन्दा फरक र जटिल छन् । भौगोलिक उपस्थितिबिना नै विशाल कारोबार, अमूर्त सम्पत्तिमा निर्भरता, प्रयोगकर्ता डेटा र सहभागिताबाट मूल्य सृजना जस्ता पक्षले कर अधिकार कुन देशसँग हुनुपर्ने भन्ने प्रश्नलाई झनै पेचिलो बनाएको छ ।

डिजिटल अर्थतन्त्रका कर चुनौतीहरु प्रत्यक्ष र अप्रत्यक्ष कर दुवै क्षेत्रमा छन् । अप्रत्यक्ष करतर्फ सीमापार व्यवसायीले उपभोक्तासँग गर्ने कारोबारमा मूल्य अभिवृद्धि कर र जिएसटी संकलनमा समस्या छ। यस सन्दर्भमा गन्तव्य सिद्धान्तमा सहमति र सरलीकृत संकलन संयन्त्र विकास गर्नु सकारात्मक प्रगति मान्न सकिन्छ । तर प्रत्यक्ष करतर्फको चुनौती अझै समाधानोन्मुख देखिँदैन । विशेषगरी नेक्सस (कर लगाउने अधिकारको आधार), नाफा बाँडफाँट र आयको वर्गीकरणजस्ता विषयमा अन्तर्राष्ट्रिय सहमति जुट्न सकेको छैन । नेपालले पनि यस क्षेत्रलाई पूर्ण रूपमा औपचारिकीकरण गरिसकेको छैन।

नेपालले २०७९ सालमा विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स–डिएसटी)को अवधारणा लागू गरेको थियो । जसअनुसार गैरबासिन्दा व्यक्तिले नेपालमा रहेका प्रयोगकर्तालाई उपलब्ध गराएको विद्युतीय सेवाको कारोबार मूल्य तथा गैरबासिन्दा व्यक्तिले नेपालमा रहेका प्रयोगकर्ताबाट संकलन गरिएको तथ्याङ्कको कारोबार मूल्यमा दुई प्रतिशतका दरले 'डिएसटी' लाग्ने व्यवस्था रहेको छ । यो व्यवस्था कार्यान्वयनको तीन–चार वर्षमै पुनरावलोकनको चरणमा पुगेको छ । अब 'महत्वपूर्ण आर्थिक उपस्थिति' (सिग्निफिकेन्स इकोनोमिक प्रिसेन्स)को अवधारणाका आधारमा विद्युतीय



कारोबारको कर निर्धारण गर्ने प्रणाली अवलम्बन गर्नेगरी तयारी गरिरहेको आन्तरिक राजस्व विभागले जनाएको छ ।

अहिले डिएसटीको दायरामा २१ वटा मात्रै विदेशी कम्पनी छन् । 'विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स) सम्बन्धी कार्यविधि, २०८२' ले नेपालमा रहेका प्रयोगकर्तालाई उपलब्ध गराएको विद्युतीय सेवा तथा नेपालमा रहेका प्रयोगकर्ताबाट सङ्कलन गरिएको तथ्याङ्क बिक्रीको कूल योग वार्षिक रू ३० लाखसम्म भएमा त्यसमा डिएसटी नलाग्ने व्यवस्था गरेको छ । तर कुन कम्पनीले रू ३० लाखभन्दा कम वा बढीको कारोबार गरेका छन् भन्ने जानकारी कर प्रशासनलाई छैन । डिएसटीमा दर्ता भएका बाहेक कम्पनीको नेपालभित्रको कारोबार कति छ भन्ने अध्ययन, अनुसन्धान हुन नसकेको ठूला करदाता कार्यालयका प्रमुख कर प्रशासक दिलीप गौतम बताउनुहुन्छ ।

त्यस्तै, दर्ता भएका कम्पनीले तिरेको कर रकम उनीहरूले गरेको वास्तविक कारोबारसँग मेल खान्छ वा खाँदैन भन्ने अध्ययन र वास्तविक करारोपणसमेत हुनसकेको छैन । "नेपालभित्र कुन कम्पनीले कति बराबरको विद्युतीय सेवाको कारोबार गरे भनेर हेर्ने संयन्त्र हामीसँग छैन । दर्ता भएका कम्पनीले उपलब्ध गराएको कारोबारको विवरणकै आधारमा कर निर्धारण भएको हुन्छ । तर दर्ता नभएका कम्पनीको कारोबार कति छ भन्ने जानकारी हामीसँग छैन", गौतमले राससँग भन्नुभयो। विद्युतीय सेवा दिने कम्पनीलाई रू ३० लाखभन्दा कमको वार्षिक कारोबारमा कर छुट भए पनि उनीहरूलाई दर्ता प्रक्रियामा ल्याउन सकिएको छैन ।

भर्चुअल प्राइभेट नेटवर्क (भिपिएन)को प्रयोग यस क्षेत्रको अर्को चुनौती हो। नेपालभित्र भएको इन्टरनेट पहिचान ठेगाना (इन्टरनेट प्रोटोकल एड्रेस) प्रयोग गरी सेवा प्रदान भएमा मात्रै कुन सेवा प्रदायकबाट कतिको कारोबार भयो भन्ने खुल्छ। तर भिपिएन प्रयोग भएको अवस्थामा त्यसलाई नियमनको दायराभित्र ल्याउन जटिल रहेको आन्तरिक राजस्व विभागका निर्देशक प्रकाश पौडेल बताउनुहुन्छ ।

नेपालभित्रकै ई–कमर्स क्षेत्र पूर्ण रूपमा करको दायरामा छैन । वाणिज्य, आपूर्ति तथा संरक्षण विभागका अनुसार अहिले विभागमा २३८ वटा फर्मले विद्युतीय कारोबार गर्न पाउनेगरी सूचीकरण भएका छन् । यस्तो कारोबार गरिरहेका तर सूचीकरण हुन नसकेका फर्महरूको संख्या करिब तीन गुणा बढी छ ।

"करिब ७०० हाराहारीमा फर्महरु सूचीकरणका लागि आवेदन दिएका छन्। कागजात नपुगेको, प्रक्रिया नपुगेको जस्ता कारणले उनीहरूलाई सूचीकरण गर्न सकिएको छैन", विभागका निर्देशक भरतप्रसाद आचार्यले भन्नुभयो । कुनै निकायमा दर्ताबिनै सामाजिक सञ्जालमार्फत वस्तु तथा सेवाको विज्ञापन गर्ने र त्यतैबाट किनबेच गर्ने कार्यलाई नियमनको दायरामा ल्याउन सकिएको छैन । कुनै निकायमा दर्ता नभएका यस्ता ई–कमर्स व्यवसायबाट ठगीमा परेको उपभोक्ताका गुनासो आउने गरे पनि हालसम्म कसैलाई कारबाही हुन नसकेको निर्देशक आचार्यको भनाइ छ ।

अहिले विश्वव्यापी रूपमा विद्युतीय माध्यामबाट सामान किन्ने विधि लोकप्रिय भइरहेको छ। विद्युतीय व्यापार (ई–कमर्स) ऐन, २०८१ ले नेपालभित्रै विद्युतीय माध्यमबाट हुने कारोबारलाई समेटेको भए पनि विदेशबाट हुने व्यापारलाई समेटेको देखिँदैन । अन्तर्राष्ट्रिय ई–कमर्स साइटबाट प्रत्यक्ष खरिद गर्दा नेपाल भित्रने सामानको सही मूल्याङ्कन नगरी भित्रिरहेको हुनसक्ने सम्भावनाबारे स्वयं

बाँकी तेश्रो पेजमा

## तपाईको आज

**मेष**
छोटो समयमा मनग्य फाइदा हुनेछ। सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ।

**वृष**
प्रतीक्षा गरिएको उपलब्धि प्राप्त हुनुका साथै मनग्य धन लाभ हुनेछ। दिन मनोरञ्जनपूर्ण रहनेछ।

**मिथुन**
सोख पूरा हुनेछ भने विभिन्न भौतिक साधन प्राप्तिको योग छ। व्यापारको बहानामा रमाइलो यात्रा हुन सक्छ।

**कर्कट**
पहिलेका दुश्मनहरूले समेत मित्रताका हात अघि बढाउनेछन्। अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ।

**सिंह**
हिम्मत गर्दा जटिल काम समेत सम्पादन हुनेछ। बौद्धिक प्रतिस्पर्धामा अग्रस्थान हासिल हुनेछ।

**कन्या**
प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ। सहयोगीहरूको साथ पाइनेछ।

**तुला**
प्रयत्न गरेका काम सजिलै सम्पादन हुनेछन्। सेवामूलक कामबाट धनलाभ हुनेछ। मानसम्मानमा बाधा पुग्नेछ।

**वृश्चिक**
आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ। मिहिनेतले नयाँ अवसर दिलाउनेछ।

**धनु**
केही पारिवारिक समस्या देखिए पनि आँटेको काम सम्पादन हुने समय छ। सावधानीले फाइदा उठाउन सकिनेछ।

**मकर**
प्रयत्न गर्दा साथीभाइसँगको असमझदारी सम्झौतामा टुंगिनेछ। बुद्धिको उपयोगले समस्या सुल्झनेछ।

**कुम्भ**
गलत व्यक्तिको विश्वास गर्नाले धोका हुन सक्छ। पहिलेका समस्या दोहोरिनाले अलमलमा परिएला।

**मीन**
मिहिनेत गर्दा राम्रो परिणाम प्राप्त हुनेछ। विवादास्पद काममा जुट्नुपरे पनि धन आर्जन गर्न सकिनेछ ।

# चुनौतीपूर्ण बन्दै डिजिटल ........

भन्सार विभाग स्वीकार्छ ।

विद्युतीय माध्यमबाट वस्तु तथा सेवा आयात गर्दा भन्सार नियन्त्रणको सम्भावना कमजोर हुन्छ भने फर्मको भौतिक उपस्थिति हुँदैन। यदि आयातकर्ताले सेवा बिक्री गर्ने भएमा आयात गर्दा स्वघोषणा गरी तिरेको मूल्य अभिवृद्धि कर मिलान गर्न पाउँछ। तर यदि आयातकर्ता अन्तिम उपभोक्ता भएको अवस्थामा उसले आयातमा स्वघोषणा गरी कर तिर्न इच्छुक भएको देखिँदैन ।

यद्यपि, भन्सार विभागका सूचना अधिकारी किशोर बर्तौला हुलाक, कुरियरबाट आएको वस्तु भन्सार जाँचपास भएरै आउने दाबी गर्नुहुन्छ। 'यात्रुले आफैँ बोकेर ल्याएको सामानको एक खालको व्यवस्था भयो । तर कुरियरबाट आएका सामानको भन्सार जाँचपास भएरै आउँछ", उहाँले भन्नुभयो ।

अनलाइनका माध्यमबाट वस्तु व्यापार मात्र नभई सेवा पनि किनबेच भइरहेका छन् । विश्व व्यापार संगठनको तथ्याङ्क अनुसार नेपालले सन् २०२४ मा डिजिटल माध्यमबाट प्रदान गरिने सेवाको निर्यात अमेरिकी डलर ४१ करोड ४० लाखबराबर गरेको देखिन्छ । जबकी यही समयमा नेपालले गरेको डिजिटल माध्यमबाट प्रदान गरिने सेवाको आयात अमेरिकी डलर २८ करोड ३० लाख बराबर छ । अर्थात् यस क्षेत्रमा नेपालको आयातभन्दा निर्यात बढी छ ।

पछिल्लो समय व्यवसायको तरिका फेरिएसँगै प्रचारप्रसारका शैली पनि भिन्न भएका छन् । विज्ञापनका पुराना शैलीभन्दा अनलाइनका माध्यमबाट विज्ञापन गर्नेक्रम बढ्दो छ। तर यससम्बन्धी कानुन हालसम्म बन्न सकेको छैन। सामाजिक सञ्जालमा हुने विज्ञापनलाई नियमनको दायरामा ल्याउनका विज्ञापन बोर्डले ऐनको मस्यौदालाई मन्त्रालयमा पेस गरेको दुई वर्षभन्दा बढी समय भइसक्दा पनि पारित भएर कार्यान्वयनमा आउन सकेको छैन । नेपालमा अनलाइनमार्फत हुने विज्ञापनको बजारको आकार कत्रो छ र यसबाट मुलुकले कति राजस्व गुमाइरहेको छ भन्ने हालसम्म कुनै अध्ययन नभएको विज्ञापन बोर्डका सूचना अधिकारी डिल्लीराम सुवेदी बताउनुहुन्छ । 'कानुन नहुँदा हामीले अनलाइन विज्ञापनलाई नियमनको दायरामा ल्याउन सकेका छैनौँ । यसको कारोबार कति छ र सम्भाव्य राजस्व कति हो भन्ने पनि स्पष्ट छैन", सुवेदीले भन्नुभयो।

अहिले चुनावी प्रचारप्रसार सामाजिक सञ्जालबाट हुने गरेका छन् । तर यस्तो प्रचार विधि कानुनको दायराभित्र रहेर गरिएको हो वा छैन भन्ने अनुसन्धान भएको देखिँदैन । प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन-२०७९ का क्रममा फेसबुकबाट मात्रै भएको विज्ञापन 'मेटा एड लाइब्रेरी रिपोर्ट' हेर्दा करिब छ हजार हाराहारी पेज र प्रोफाइलबाट 'स्पोन्सर्ड पोस्ट' (डलर तिरेर गरिएको विज्ञापन) देख्न सकिन्छ । त्यसबेला नेपाल राष्ट्र बैंकले डलर कार्डबाट वार्षिक पाँच सय अमेरिकी डलरबराबर मात्रै खर्च गर्न पाउने सुविधा दिएको थियो । तर धेरैजसो उम्मेदवारले सो सीमाभन्दा बढीको फेसबुक विज्ञापन गरेको मेटा एड लाइब्रेरीबाट देखिन्छ ।

उम्मेदवारहरूले राष्ट्र बैंकले दिएको सुविधाभन्दा बढीको डलर खर्च कसरी गरे भन्नेबारे हालसम्म कुनै अनुसन्धान हुनसकेको छैन । तर यस्तो प्रकृतिको प्रचारमा अवैध हुण्डी कारोबारमा भएको हुनसक्ने देखिन्छ। तत्कालीन नेपाल राजस्व परामर्श समितिले तयार पारेको 'अनलाइन व्यवसायमा करारोपण सम्बन्धी अध्ययन प्रतिवेदन, २०७९' मा भनिएको छ, 'सामाजिक सञ्जालमा गरिने विज्ञापन सेवा खरिद गर्न विदेशबाटै रकम भुक्तानी गर्ने र सोबापतको रकम नेपालमा रहेका आफन्त वा साथीभाइलाई भुक्तानी गर्दै आइरहेका छन् ।'

नेपालमा डिजिटल प्रविधिको प्रयोग बढेसँगै यससँग जोडिएका सबै क्षेत्रलाई दर्ता, नियमन तथा अनुसन्धानको दायराभित्र ल्याउनु अतिआवश्यक भएको तथ्य विभिन्न सरकारी अध्ययनले समेत औँल्याएका छन्। 'कर प्रणाली सुधारसम्बन्धी उच्चस्तरीय सुझाव समितिको प्रतिवेदन, २०८०'ले विद्युतीय अर्थतन्त्रको कारणले नेपालको कराधारको संरक्षण गर्न निरन्तर अध्ययन तथा नियमित अनुसन्धान गर्नुपर्ने र त्यसका लागि छुट्टै स्थायी संरचना तयार पारिनुपर्ने औँल्याएको छ ।

'अन्तर्राष्ट्रिय कर, मूल्य हस्तान्तरण, स्थायी संस्थापन, निकाय तथा व्यक्तिको स्रोत तथा बासिन्दाको अध्ययन, अन्तर्राष्ट्रिय कर नियोजन तथा छलीका विषयमा अध्ययन तथा अनुसन्धान गर्न र सूचना सङ्कलन तथा विश्लेषण गर्न आन्तरिक राजस्व विभागमा विशिष्टिकृत संरचना तत्कालै स्थापना गर्नुपर्छ", समितिको प्रतिवेदनमा भनिएको छ ।

विद्युतीय कारोबारमा आधारित मूल्य अभिवृद्धि करको कराधार क्षयीकरणलाई नियन्त्रण गर्न विभिन्न देशसँग सूचना आदानप्रदान तथा सहकार्य कायम हुने संयन्त्रको विकास गरी कर प्रणालीलाई समयानुकूल बनाई विद्युतीय कारोबारमा अन्तर्राष्ट्रियस्तरमा प्रचलनमा रहेका व्यवस्थासँग तादम्यता कायम हुनेगरी ऐन कानुनमा परिमार्जन तथा करका दर निश्चित गर्ने सुझाव पनि आयोगले दिएको छ । कर प्रणाली सुधारसम्बन्धी उच्चस्तरीय सुझाव समितिका अध्यक्ष विद्याधर मल्लिक अहिलेको अवस्थामा नेपालमा डिजिटल अर्थतन्त्रको विकासलाई तत्काल नियमन गर्ने र औपचारिकीकरण गरेर राजस्व असुली गर्नेभन्दा पनि यसको व्यवसायिक संरचना विकास र विस्तार हुन दिनुपर्ने बताउनुहुन्छ।

"उनीहरूलाई हाम्रा कानुनी र प्रशासनिक नियमनले थिचिहाल्नु भन्दा पनि बिजनेस मोडल विकास गर्ने र प्रयोग बढाउने कुरा बढी प्राथमिकतामा राख्नुपर्छ । पछि क्रमशः तिनलाई हाम्रा संयन्त्रभित्र ल्याउने हो। त्यसको पूर्वाधार तयार पार्दै जानुपर्छ", उहाँले भन्नुभयो । ज्ञानमा आधारित अर्थतन्त्र (नलेज बेस्ड इकानोमी) लाई प्रवर्द्धन गर्ने नीति लिएर विस्तारै त्यसलाई औपचारिकीकरण गर्नका लागि संयन्त्रहरु विकास गरिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

त्यस्तै, नेपालबाट बाहिरिने डाटा हेरेर त्यसमा न्यूनतम कर लगाउने व्यवस्था गरिनुपर्ने मल्लिक बताउनुहुन्छ । 'विभिन्न इन्टरनेट सेवा प्रदायक र सर्भरहरुका माध्यमबाट हामीले नेपालबाट कति डाटा बाहिर गयो भनेर थाहा पाउन सकिन्छ । डाटाको स्रोतलाई हेरेर त्यसैका आधारमा न्यूनतम कर लगाउने व्यवस्था गर्न सकियो भने यस क्षेत्रको औपचारिकीकरण गर्न सहज होला", उहाँ भन्नुहुन्छ, 'विद्यमान भन्सार, मूल्य अभिवृद्धि, आयकरसँग सम्बन्धित कानुनी व्यवस्थाले यसलाई सम्बोधन गर्न सक्ने अवस्था छैन ।' नेपालमा विद्युतीय कारोबार गर्ने कम्पनीहरु दर्ता भएर कर तिर्नका लागि प्रशासनिक झन्झट पनि उत्तिकै रहेको उहाँको बुझाइ छ ।

**अवैध कारोबारका बढ्दो घटना**

नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी एकाइले सार्वजनिक गरेको भर्चुअल सम्पत्ति (भर्चुअल एसेट) सम्बन्धी रणनीतिक विश्लेषण प्रतिवेदन, २०२५ (स्ट्राटेजिक एनालिसिस रिपोर्ट, २०२५ अनभर्चुअल एसेट) अनुसार पछिल्लो पाँच वर्ष अवधिमा मात्र ६५८ वटा शङ्कास्पद कारोबारको जानकारी राष्ट्र बैंकलाई आएको छ। नेपालमा भर्चुअल सम्पत्ति (भर्चुअल एसेट)को कारोबार अवैध हो ।

बिटकोइन, इथेरियमजस्ता क्रिप्टो, स्टेबलकोइनहरु, युटिलिटी टोकनहरु तथा अन्य टोकनाइज्ड एसेटहरु भर्चुअल सम्पत्तिभित्र पर्छन्। जसलाई व्यापार गर्न, स्थानान्तरण गर्न, भुक्तानी तथा लगानीका लागि प्रयोग गर्ने गरिन्छ। प्रतिवेदनअनुसार सन् २०२१ मा १३, २०२२ मा १७३, २०२३ मा १३८ र २०२४ मा २५२ वटा यस्तो कारोबार र गतिविधिको जानकारी एकाइलाई आएका छन् । त्यस्तै, २०२५ को जुलाई १६ सम्ममा ८२ वटा कारोबार र गतिविधिको जानकारी राष्ट्र बैंकले पाएको छ। यसरी जानकारीमा आएका शंकास्पद कारोबार र गतिविधिलाई राष्ट्र बैंकले विभिन्न निकायमा पठाउने गरेको छ ।

प्रतिवेदनअनुसार पछिल्लो पाँच वर्षमा राष्ट्र बैंकले २३२ वटा नेपाल प्रहरीलाई, ११५ वटा राजस्व अनुसन्धान विभागलाई, छवटा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई, तीनवटा राष्ट्र बैंकअन्तर्गतको भुक्तानी सेवा विभागलाई र एउटा आन्तरिक राजस्व विभागलाई पठाएको छ ।

राष्ट्र बैंकका निर्देशक तथा वित्तीय जानकारी एकाइका प्रमुख वासुदेव भट्टराई शङ्कास्पद कारोबार बारेका जानकारी विभिन्न अनुसन्धान निकायलाई उपलब्ध गराएको र ती निकायबाट थप अनुसन्धान अघि बढ्ने बताउनुहुन्छ।

'हामीले जानकारीमा आएका शङ्कास्पद भर्चुअल सम्पत्तिको कारोबारसँग सम्बन्धित विवरण विभिन्न निकायलाई उपलब्ध गराएका छौँ । थप अनुसन्धान गर्ने, अदालतमा मुद्दा अभियोजन गर्ने र त्यहाँ पुष्टि भएपछि मात्रै यस्तो कारोबार भए-नभएको एकिन हुने हो", उहाँले भन्नुभयो ।

**विभाजित विश्व**

डिजिटल अर्थतन्त्रले विश्व कर प्रणालीलाई एक ऐतिहासिक मोडमा पुर्‍याएको छ । तर विश्व समुदाय अझै साझा उत्तर खोज्ने प्रक्रियामै अल्झिएको छ । डिजिटल व्यवसाय मोडेलबाट सिर्जित मूल्यलाई कसरी मापन गर्ने र त्यसलाई कुन देशमा करयोग्य बनाउने भन्ने विषयमा विश्वव्यापी दृष्टिकोण नै विभाजित छ । यस विभाजनले अन्तर्राष्ट्रिय कर सुधार प्रक्रियालाई झन् जटिल बनाएको छ ।

विशेषगरी प्रयोगकर्ता सहभागितालाई मूल्य सृजनाको स्रोत मान्ने कि नमान्ने भन्ने बहस कर सुधारको केन्द्रमा छ । यदि प्रयोगकर्ता डेटा र सहभागितालाई मूल्य सृजनाको आधार मानियो भने, हालको कर संरचनाले त्यसलाई समेट्न नसक्ने देखिन्छ। तर त्यसो गर्दा नाफा र आर्थिक गतिविधि मिलाउने परम्परागत सिद्धान्त नै पुनःपरिभाषित गर्नुपर्ने हुन्छ, जसमा धेरै देश अनिच्छुक देखिन्छन् । यही अन्योलताबीच केही देशहरूले एकपक्षीय रूपमा डिजिटल कर उपायहरु लागू गर्न थालेका छन् ।

अनलाइन विज्ञापन कर, डिजिटल सेवा कर, विदहोल्डिङ कर, डाइभर्टेड प्रफिट्स ट्याक्सजस्ता उपायहरु भारत, फ्रान्स, बेलायत, अष्ट्रेलिया लगायतका देशमा लागू भइसकेका छन् । यस्ता एकपक्षीय कदमले अल्पकालीन रूपमा राजस्व बढाए पनि दीर्घकालीन रूपमा दोहोरो कराधान, व्यापार विवाद र कर युद्धको जोखिम बढाएको विभिन्न अन्तर्राष्ट्रिय अध्ययनले देखाएका छन् । जसकारण कर सुधार अब प्राविधिक विषयमात्र नभई राष्ट्रिय स्वार्थ, राजस्व दबाब र राजनीतिक निर्णयसँग गाँसिएको बहुआयामिक विषय बन्न गएको छ ।

डिजिटलाइजेसनको प्रभाव अन्तर्राष्ट्रिय कर नियममै सीमित छैन । गिग र साझेदारी अर्थतन्त्रले करदाताको स्थिति नै परिवर्तन गरिदिएको छ । बिग डेटा, प्लेटफर्म सहकार्य र डिजिटल नज प्रयोग गरेर कर अनुपालन बढाउने सम्भावना देखिए पनि ब्लकचेन र क्रिप्टोकरेन्सीले कर पारदर्शितामा नयाँ जोखिम पनि सृजना गरिरहेका छन् । रासस

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

# व्यासको मानुङकोट ......

क्रममा छन् ।' पछिल्ला समय यहाँ सुविधासम्पन्न होटल बन्दै गए पनि पानीको समस्या समाधान नहुँदासम्म सास्ती भोग्नुपरेको व्यवसायी चूडामणि दाहालले बताए। उनले भने, 'ढिलै भए पनि खानेपानी आउँछ भन्नेमा मानुङकोटवासी ढुक्क छौँ । नगरपालिकाले पर्यटकीय क्षेत्रको विकासका लागि देखाएको तदारूकता सराहनीय छ ।'

दमौलीबाट करिब आठ किमी दूरीमध्ये तीन किमीमा कालोपत्र गरिनुका साथै दुई लेनको सडक विस्तार हुन सके पर्यटकीयको 'हब' बन्ने प्रचुर सम्भावना देखिएको पूर्वजनप्रतिनिधिसमेत रहनुभएका दाहालले बताए ।

यहाँबाट देखिने कुहिरो, हिमशृंखला र सूर्योदय पर्यटकको आकर्षणका दृश्य हुन्। हिउँद सुरु भएसँगै कुहिरोले सदरमुकाम दमौली बजारलाई छोप्छ । घाम उदाउँन लागेसँगै कुहिरो विस्तारै फाट्ने गर्दछ र दमौली बजार छर्लङ्ग देखिन्छ । यससँगै हिमशृङ्खला पनि सुन्दर देखिने हुँदा पर्यटकको आकर्षणस्थल बन्ने गरेको दाहालले बताउनुभयो ।

यही हिमशृङ्खला र डाँडाबाट देखिने चारैतिरको सुन्तरता हेर्न पर्यटक लालायित हुने गर्दछन् । मानुङकोटबाट धौलागिरि, माछापुच्छ्रे, अन्नपूर्ण, मनास्लु, लमजुङ हिमालको दृश्यावलोकन गर्न सकिन्छ । यहाँको लोभलाग्दो दृश्यले पर्यटकलाई आनन्दित तुल्याउने गरेको छ ।

यी मनोरम दृश्यावलोकनका लागि आउने पर्यटकर्क कारण अन्यत्र पुगेका स्थानीय गाउँ फर्किएर विभिन्न व्यापार, व्यावसाय सञ्चालन गर्न थालेका हुन् । पर्यटकीय क्षेत्रका रूपमा मनुङकोट विकास हुँदै जाँदा यहाँ स्थानीय होटल व्यवसायमा संलग्न हुन थालेका छन् । मानुङकोट पर्यटकीयस्थलका रूपमा विकास हुँदै गएपछि पानीको अभावले रित्तिएको बस्ती अहिले पर्यटकीयस्थलका रूपमा विकास भएसँगै स्थानीय फर्किन थालेका छन् ।

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७, ९८५६०६०३७६
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com




## विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**माघ ०२ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।
२) काठमाडौं वीर अस्पतालका वरिष्ठ न्युरो सर्जन तथा नशा रोग विशेषज्ञ **डा. ध्रुवराज अधिकारी**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेबुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**माघ ०३ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।
२) पोखराका वरिष्ठ रेडियोलोजिष्ट **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।
३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

# मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

ब्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९


# आँवुखैरेनीका गुरूङले पाए व्यासगुफा-गलेखामकोट अल्ट्रा हाफ म्याराथनको उपाधि

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँको आँवुखैरेनी गाउँपालिकाका सनम गुरूङले व्यासगुफा-गलेखामकोट अल्ट्रा हाफ म्याराथनको उपाधि जित्न सफल भएका छन् । व्यास नगरपालिका-६ बाह्रबिसे युवा क्लबले बुधबार आयोजना गरेको व्यास-३ व्यास गुफादेखि व्यास-६ गलेखामकोटसम्मको २१ किलोमिटर दूरीको म्याराथनमा गुरूङ प्रथम भई उपाधि प्राप्त गरेका हुन् ।

३४ जना धावकको सहभागिता रहेको म्याराथनमा शुक्लागण्डकी नगरपालिकाका टोपबहादुर कुमाल द्वितीय र भानु नगरपालिकाका आदित्य जिसी तृतीय भएका छन्। विजेतालाई क्रमशः रू ३५ हजार, रू २५ हजार र रू १५ हजार पुरस्कार प्रदान गरिएको क्लबका अध्यक्ष ज्ञानबहादुर गुरूङले जानकारी दिए । दुई धार्मिक तथा पर्यटकीय स्थल व्यासगुफा र गलेखामकोटलाई खेलकुदको माध्यमबाट जोड्ने र दुवै ठाउँको पर्यटन प्रवर्द्धन गर्ने लक्ष्यसहित हाफ म्याराथन गरिएको उनले बताए ।

व्यासका नगर प्रमुख वैकुण्ठ न्यौपानेले खेलकुदले दुई ठाउँको धार्मिक पर्यटन प्रचारप्रसारमा सहयोग पुग्ने विश्वास व्यक्त गरे। उनले भने, 'व्यास गुफा महत्वपूर्ण धार्मिकस्थल हो, गलेखामकोट धार्मिक र ऐतिहासिक हिसाबले महत्वपूर्ण कोट हो, त्यसको विकास र प्रवर्द्धनका लागि जुटेका छौं ।'

म्याराथनले गलेखामकोटसम्म भावनात्मक हिसाबले सम्बन्ध जोड्न सहयोग पुगेको बताउँदै नगरप्रमुख न्यौपानेले गलेखामकोटको थप प्रचारप्रसार गर्न सबै पक्ष लाग्नुपर्नेमा जोड दिए । नगरपालिकाले माघ १६ गते मानुङकोटदेखि पुलिमराङसम्म अल्ट्रा म्याराथन आयोजना गर्न लागेको बताउँदै नगरप्रमुख न्यौपानेले खेललाई पर्यटनसँग जोडेर जानुपर्ने बताए ।



व्यास-६ का वडाध्यक्ष एवं नगर खेलकुद विकास समितिका अध्यक्ष जीवन गुरूङले गलेखामकोटलाई पर्यटकीय हिसावले विकास गर्ने उद्देश्यसहित म्याराथन आयोजना गरिएको बताए। उनले भने, 'यसले भोलिका दिनमा व्यास-६ लाई अगाडि बढाउन सहयोग पुग्नेछ । यसलाई पर्यटकीय हिसावले विकास गर्न सकिए स्थानीयको आर्थिक सवलीकरणमा टेवा पुग्नेछ ।'

**वडास्तरीय भलिबल प्रतियोगिता**

यसैबीच क्लबले विहीबारदेखि वडास्तरीय भलिबल प्रतियोगिता समेत आयोजना गरेको छ । भलिबल प्रतियोगितामा विजेतालाई रू ४० हजार, ट्रफी र मेडल तथा उपविजेतालाई रू २५ हजार, ट्रफी र मेडल प्रदान गरिनेछ । यस्तै सेमिफाइनल पुग्ने दुई टोलीलाई जनही रू १० हजार पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ ।

गलेखामकोट समुन्द्री सतहबाट एक हजार ३०० मिटर उचाइमा अवस्थित छ । यहाँबाट जिल्लाकै व्यास नगरपालिका, शुक्लागण्डकी नगरपालिका र लमजुङको मध्यनेपाल नगरपालिकाका केही भाग देख्न सकिन्छ। पृथ्वीराजमार्ग अन्तर्गत कन्टारबाट पश्चिम लागेपछि पुगिन्छ पर्यटकीय स्थल गलेखामकोट-कन्टारदेखि साँगे हुँदै पुगिने गलेखामकोट सदरमुकाम दमौलीदेखि नजिक रहेर पनि ओझेलमा परेको ठाउँ हो ।

आधाजसो पक्की र आधाजसो कच्ची सडक हुँदै पुगिने यस ठाउँमा सडकको असुविधाका कारण पर्यटक कम पुग्ने गरेका छन् । कुनै बेला मगर राजाले समेत राज्य गरेको यस ठाउँ ओझेलमा परेपछि स्थानीयवासी यसको प्रवर्द्धनमा जुटिरहेको वडाध्यक्ष गुरूङको भनाइ छ । यहाँबाट सदरमुकामको दमौली, शुक्लागण्डकी नगरपाकिलस्थित थप्रेक, व्यास नगरपालिकास्थित कलेस्ती, सिसाघाट, लमजुङको भोर्लेटार, सोतीपसल, दुइपिप्ले, कास्कीको फेवाताल, बेगनास ताल तथा विभिन्न ठाउँको रमणीय दृश्य देख्न सकिन्छ ।

गलेखामकोटमा नेवार समूदायको बाहुल्यता छ । गलेखामकोटमा भ्युटावर समेत बनेको छ। यहाँ विसं २०७६ सालमा रू १६ लाख ५० हजारको लागतमा भ्युटावर निर्माण गरिएको थियो । तीन तलाको दृश्यावलोकन स्तम्भबाट एकैपटकमा २० भन्दा बढी पर्यटकले दृश्यावलोकन गर्न मिल्नेछ । यहाँबाट कास्कीको फेवाताल, माछापुच्छ्रे, धवलागिरी, अन्नपूर्ण, मनास्लु लगायतका हिमश्रृङ्खला देख्न सकिन्छ ।

गलेखामकोट बाइसे चौबीसे राज्यको पालामा चक्रधारी राजाले शासन गरेको ठाउँ हो । यहाँ रहेको कोटभैरव मन्दिरमा दशैंका बेला विशेष पूजाआजा हुने गरेको छ । बडादशैंको नवमीको दिन मन्दिरमा पञ्चबली दिने प्रचलन रहेको स्थानीयवासी मनिता गुरूङले जानकारी दिइन । मन्दिरमा राना जातिले पूजारी र ब्राम्हण जाति पूरोहितको रूपमा काम गर्दै आएका छन् ।

# कांग्रेसमा तेस्रो फुट : कसको भागमा पर्ला रूख र चारतारे झण्डा ?

**फणीन्द्र नेपाल**/काठमाडौं

आन्तरिक विवादका कारण नेपाली कांग्रेस अन्ततः विभाजन भएको छ । विशेष महाधिवेशन गरेर नयाँ नेतृत्व चयनको पक्षमा रहेका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मासहित सहमहामन्त्री फरमुल्लाह मन्सुरलाई शेरबहादुर देउवा पक्षले कारबाही गरेपछि औपचारिक रूपमा कांग्रेस विभाजन भएको हो । लगत्तै विशेष महाधिवेशन पक्षधरले सभापति, महामन्त्रीसहितको नयाँ नेतृत्व चयन गरेका छन् ।

बुधबार नै देउवा पक्षले तीन नेतालाई कारबाही गरेको पत्र निर्वाचन आयोगमा बुझाइसकेको छ । उता विशेष महाधिवेशन पक्षधरले मंगलबार नै भृकुटीमण्डपमा महाधिवेशन चलिरहेको आयोगलाई जानकारी गराइसकेको बुधबार मात्र खुलासा भएको छ । २००६ सालमा स्थापना भएको कांग्रेसले यो तेस्रो पटक फुट व्यहोर्नु परेको हो । पार्टी स्थापना भएको चार वर्ष बित्न नपाउँदै बीपी कोइराला र मातृकाप्रसाद कोइरालाबिचको टकरावले २००९ सालमा पहिलो पटक कांग्रेस विभाजन भएको थियो । त्यसपछि २०५९ सालमा गिरिजाप्रसाद कोइराला र शेरबहादुर देउवाका कारण फुटेको कांग्रेस अहिले २३ वर्षपछि पनि देउवाकै कारण फुट्न पुगेको छ ।

७६ वर्षको पार्टी इतिहासमा तेस्रो पटक विभाजन व्यहोरेको कांग्रेसमा अब कसले आधिकारिकता पाउँछ भन्ने विषय थप पेचिलो बनेको छ । दुवै पक्षले आफ्नो समूह आधिकारिक भएको दाबी गरेपनि यसको निराकरण निर्वाचन आयोग हुँदै अदालतसम्म पुग्ने देखिन्छ । विशेष महाधिवेशन पक्षधर गगन थापाले संविधान र निर्वाचन आयोगले विशेष महाधिवेशनलाई आधिकारिकता प्रदान गर्ने दाबी गरिसकेका छन् । सानेपामा शेरबहादुर देउवापक्षको केन्द्रीय समितिले कारबाही गरेपछि भृकुटीमण्डपमा कार्यकर्ताहरूलाई सम्बोधन गर्दै थापाले संविधानमाथिको विश्वासका आधारमा आयोगले विशेष महाधिवेशनलाई मान्यता दिने दाबी गरेका हुन ।

'संविधानमाथि विश्वासको आधारमा कानुनमाथि विश्वासको आधारमा पार्टीको विधानमाथिको विश्वासको आधारमा यो विशेष



महाधिवेशनले जे निर्णय गर्छ, नेपालको संविधान र निर्वाचन आयोगले उसैलाई मान्छ', थापाले भने । पार्टीको झण्डा र चुनाव चिह्न के होला भनेर चिन्ता नलिन महाधिवेशन हलमा उपस्थित प्रतिनिधिहरूलाई आग्रह गरेका थापाले यसो भनिरहँदा निर्वाचन आयोगले कानुन र संविधान हेरेर निर्णय गर्ने त छँदैछ, तर निर्वाचन चिह्न रूख र चारतारे झण्डा देउवा वा विशेष महाधिवेशन पक्षधर थापा जसले पाएपनि नपाउने पक्ष अदालत जाने निश्चित नै छ ।

निर्वाचनको सम्मुख समेत भएकाले दुवै पक्षले रूख र चारतारे झण्डामा दाबी अझ बढी गर्नेछन् । त्यसो त कांग्रेस विवाद निरूपण गर्न निर्वाचन आयोग वा अदालतलाई समेत जटिल हुने देखिन्छ । केन्द्रीय समितिको निर्णय आधिकारिक हो वा विशेष महाधिवेशन आधिकारिक हो भन्नेमै प्रश्न उठिरहेका बेला आयोगले राजनीतिक दलसम्बन्धी ऐन कानुन हेरेर निर्णय त गर्ला तर त्यसरी गरिएको निर्णयमा आफ्नो पक्षमा नहुने भएपछि अर्को पक्ष चुनावको मुखमा त्यसै बस्न सक्ने अवस्था नरहन सक्छ ।



राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५१ बमोजिमको निवेदन लिएर विशेष महाधिवेशन पक्षधर निर्वाचन आयोग जान सक्ने व्यवस्था छ। 'दलले आफ्नो नाम, विधान, नियम, छाप, झण्डा वा चिन्हमा भएको परिवर्तन वा संशोधन, पदाधिकारीको हेरफेर र आयोगले तोके बमोजिमका अन्य विषयको जानकारी तीस दिनभित्र आयोगलाई दिनुपर्नेछ,' उपदफा (१)मा भनिएको छ । जानकारी प्राप्त भएपछि आयोगले तत्सम्बन्धमा आवश्यक अध्ययन र जाँचबुझ गर्दा त्यस्तो काम कारबाही संविधान, यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम र दलको विधान बमोजिम भएमा अद्यावधिक गर्ने व्यवस्था छ ।

वरिष्ठ अधिवक्ता तथा संविधानविद् डा. चन्द्रकान्त ज्ञवाली कांग्रेसको पछिल्लो विभाजन र विशेष महाधिवेशनबारे विश्लेषण गर्दै भृकुटीमण्डपमा भएको महाधिवेशन वैधानिक रहेको बताउँछन्। उनका अनुसार संस्थापन (देउवा) पक्षले विधानको पालना नगर्दा र ४० प्रतिशत महाधिवेशन प्रतिनिधिको मागलाई बेवास्ता गर्दा विशेष महाधिवेशन पक्षधरको कदम विधानसम्मत हुन पुग्छ ।

ज्ञवालीले नेपालको संविधानको धारा २६९ ले राजनीतिक दलको विधान लोकतान्त्रिक हुनुपर्ने बाध्यात्मक व्यवस्था गरेको स्मरण गराए । नेपाली कांग्रेसको २०१७ सालको विधान लोकतान्त्रिक रहेको बताउँदै उनले पार्टीको केन्द्रीय कार्यसमितिको चारवर्षे पदावधि २०८२ मंसिरमै सकिएको उल्लेख गरे । विधानमा एक वर्ष म्याद थप्न सकिने व्यवस्था भए पनि धारा १७ बमोजिम ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले हस्ताक्षरसहित माग गरेमा विशेष महाधिवेशन बोलाउनैपर्ने बाध्यकारी प्रावधान रहेको ज्ञवालीको तर्क छ। तर त्यो महाधिवेशन सामान्यतया केन्द्रीय समितिले नै बोलाउनुपर्ने भनिएको छ ।

कांग्रेस आधिकारिकताको लडाइँ जारी रहे र समयमै टुंगो नलागे कांग्रेसले प्रत्यक्षतर्फका उम्मेदवार पठाउन नसक्ने स्थिति आउने ज्ञवालीको बुझाइ छ । 'यसले तोकिएको समयमा निर्वाचन गर्न जटिलता थपिनुका साथै समग्र निर्वाचन प्रक्रिया नै प्रभावित हुनसक्छ', उनी भन्छन् । रातोपाटीबाट

## facebook twitter



**Muma Ram Khanal**
x.com/MumaRamKhanal

राजनीतिक अनिश्चयको कठिन समयमा सबैभन्दा ठूलो, स्थापित र लोकतान्त्रिक दल नेपाली काँग्रेसमा विभाजन आउनु निकै दुखद कुरा हो। तर पार्टीका मुख्य नेताको अत्यन्त गलत राजनीतिक निर्णय, सांगठानिक गतिरोध र अराजनीतिक गठबन्धनको कारणले गर्दा मुलुक यस्तो अफ्ठेरो राजनीतिक चेपमा आइपुगेको हो ।
'जे हुन्छ, राम्रोको लागि नै हुन्छ' भनेर नेपाली राजनैतिक इतिहास र काँग्रेसको विरासतलाई 'सिर्जनात्मक विनिर्माण' गर्नुबाहेक अर्को विकल्प छैन। र, 'सिर्जनात्मक विनिर्माण'मा नचाँहिदो बोझ बोकेर बिस्तारै घिस्रिनुभन्दा बोझ फालेर फटाफट हिड्नु बुद्धिमानी हुन्छ। आजको मुलुकलाई घिस्रिने काँग्रेस होइन, गगन थापा र विश्वप्रकाश शर्माको गतिसँगै हिड्न सक्ने काँग्रेस चाहिएको हो ।



**Bishnu Rijal**
x.com/bishnurijal1

आज पक्कै पनि समस्त कांग्रेसीजनहरूको मन रोएको होला ।
चार बर्षअघि ०७८ मा अध्यादेशबाट नेकपा (एमाले) लाई विभाजन गर्दा हामीले रगतका आँशु पिएर पार्टीलाई बचाएका थियौँ । अन्ततः हामी अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा एमालेलाई सबल, सक्षम र एकताबद्ध बनाउन सफल रह्यौं र अध्यादेशबाट जन्माइएको पार्टी आज अस्तित्वमै छैन ।
०५४ सालमा पनि एमालेले यस्तै नियति भोगेको थियो ।
भुक्तभोगीका हिसाबले हामी भन्छौं- पार्टी विभाजन अत्यन्त पीडादायी हुन्छ । बेलुकी साथै भएका साथीहरू विहान हुँदा नहुँदै कहाँ पुगिसकेका हुन्छन्। निकटहरू विकट भइसकेका हुन्छन् ।
आशा छ- यस चुनौतीपूर्ण अवस्थमा कांग्रेसका मित्रहरू उत्तेजनाबाट चाँडै उत्रिनुहुनेछ ।
लोकतन्त्रमा सबल पार्टीले मात्रै यसका रक्षा गर्न सक्छन् । जब मुख्य पार्टी कमजोर हुन्छन्, तब अतिवादले टाउको उठाउँछ ।

# शुक्लागण्डकी तीन जनाको हत्या प्रकरण : एक जना पक्राउ

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारा कसेरीघाटस्थित फोहरमैला प्रशोधन केन्द्रमा तीन जनाको हत्या प्रकरणमा एक जना पक्राउ परेका छन् । शनिबार कसेरीघाटमा तीन जना मृतावस्थामा फेला परेका थिए ।

उक्त प्रकरणमा प्रहरीले मङ्गलबार एक जनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए । पक्राउ परेकाले हत्या स्वीकार गरेको र थप अनुसन्धान भइरहेको उनले बताए। पक्राउ परेका ती व्यक्ति फोहरमैला प्रशोधन केन्द्र गइरहने प्रहरीले जनाएको छ ।

मृत भेटिएका शुक्लागण्डकी नगरपालिका-११ का ४१ वर्षीय नारायण विक र भिमाद नगरपालिका-८ भागरका ५८ वर्षीया देउमाया थापाको सनाखत भएको छभने अर्को एक जनाको पहिचान खुल्न बाँकी रहेको प्रहरीले जनाएको छ ।

## मतदान गर्ने अधिकारको प्रयोग गरौं ।

- लोकतान्त्रिक शासन व्यवस्थामा मतदानको प्रक्रियामार्फत शासनमा सहभागी होऔं ।
- मतदानको समयमा विवेकको प्रयोग गरौं ।
- मतदान गरेर नागरिकको अधिकार र कर्तव्य निर्वाह गरौं ।
- जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गरौं ।
- निर्वाचनको माध्यमबाट शासन व्यवस्थालाई वैधता प्रदान गरौं ।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरौं ।
- सुशासन कायम गरौं र सुशासनका लागि निरन्तर खबरदारी गरौं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४